माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
५ नं. प्रदेश नेपाल
२०७३

**आज मिति २०७७ साल असार २१ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

<u>प्रस्तावहरु</u>

१. समपुरक र विशेष अनुदानको आयोजना सम्बन्धमा ।

२. आर्थिक ऐन तथा विनियोजन ऐन पारित गर्ने सम्बन्धमा ।

३. आर्थिक सहायता सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.स. २०७६/०७७, च.नं. ११७२ मिति २०७७/०१/१० को प्राप्त पत्रानुसार तपशिल बमोजिमका सम्पूरक र विशेष अनुदानका आयोजनाहरु छनोट गरि सो मन्त्रालयमा पठाउने सर्वसहमत निर्णय गरियो ।

**तपशिल**

**१. विशेष अनुदान**

(क) वडा नं. १ तिरामको गणेश मा.वि.मा छात्रा मैत्री शौचालय निर्माण ।

(ख) वडा नं. २ मर्कावाङको सुन्नानी मा.वि.मा.छात्रा मैत्री शौचालय निर्माण ।

(ग) वडा नं. ३ नयाँगाउँको मार्सिवाङ्ग एक घर एक धारा खानेपानी आयोजना ।

(घ) वडा नं. ४ उदयपुरकोटको अरङ्खोला कुर्दि लिफ्ट खानेपानी आयोजना ।

(ङ) वडा नं. ५ रम्दीको एकचोटे लिफ्ट एक घर एक धारा खानेपानी आयोजना ।

**२. समपुरक आयोजनाहरु**

(क) माडिखोला र झिमरुक नदि करिडोरमा बृहत कृषि पकेट कार्यक्रम रु. ५० लाख

(ख) गाउँपालिका कार्यालय जोड्ने सडकलाई कालोपत्रे आयोजना रु. ५० लाख

(ग) कोभिड-१८ रोगका कारण रोजगारी गुमाएका युवा तथा बेरोजगारी युवा लक्षित विशेष कार्यक्रम रु ५० लाख

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको आ.व. २०७७/०७८ को आर्थिक ऐन र विनियोजन ऐन यस कार्यपालिकाबाट सर्वसहमतबाट पारित गरि मिति २०७७/०३/२५ गते गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. १ उपल्लो सिमलचौर निवासी लेम बहादुर क्षेत्रीको श्रीमती गोमा खत्री क्षेत्री लामो समय देखि मानसिक रोगी भएको र उक्त रोगको उपचार गर्नका लागि घरको अवस्था एकदमै कमजोर भएको हुँदा निज गोमा खत्री क्षेत्रीलाई अन्य सहायता शिर्षकबाट रु १५ हजार आर्थिक सहायत गर्ने सर्वसहमत निर्णय गरियो ।

३/२१

रिजाल

प्रमुख प्रशासकीय अधिकृत